**सन्दर्भ** | **स्क्रिनिङ परिक्षण खर्च र सूचना दायित्व छुट जानकारी विदेशीहरू**

### ☐ कोरोना १९ परिक्षण गराउनु पर्ने अवस्थामा

(१) चिकित्सकको टिप्पणी अनुसार अज्ञात कारणको निमोनिया आदि कोरोना १९ को शङ्का लागेकाहरू

(२) विदेश भ्रमण गरेका, कोरिया अध्यागमन पछि १४ दिन भित्रमा उच्च ज्वरो (३७.५ डिग्री भन्दा बढि) वा श्वास-प्रश्वासको लक्षण र खोकी, श्वास फेर्न गाह्रो हुने आदि देखा परेकाहरू

(३) कोरोना भाइरस सङ्क्रमण रोग–१९ आन्तरिक प्रकोपसँग महामारीको सम्बन्ध रहेको छ। १४ दिनभित्र उच्च ज्वरो (३७.५ डिग्री भन्दा बढि) वा श्वास-प्रश्वासको लक्षण र खोकी, श्वास फेर्न गाह्रो हुने आदि देखा परेकाहरू

### ☐ सूचना

(१) माथिको अवस्था लागू भएर जँचाउनु पर्ने अवस्थामा देश, भिसा प्रकारको सम्बन्धविना, कोरियनसरह खर्च रकम लाग्ने छैन। लक्षणहरू देखा परेको अवस्थामा १३३९ कल सेन्टरमा सोधपुछ पछि स्वास्थ्य केन्द्र इत्यादि नजिकैको स्क्रिनिङ (छुट्टै) परिक्षण गर्ने अस्पतालमा जानुहोस्।

(२) भिसा नभएका (अवैधानिक) अवस्थामा पनि कोरोना १९ सम्बन्धी लक्षणहरू भएमा उपचार संस्थामा उपचार गराएमा अध्यागमन विभाग (इमिग्रेसन) विदेशी सरकारी कार्यालय इत्यादिमा सूचित गराइने छैन र धरपकड कार्य पनि पछि सारिएको छ।

☐ कोरोना १९ सम्बन्धी लक्षण र घटना सम्बन्धी सोधपुछ १३३९ कल सेन्टरमा, अध्यागमन सम्बन्धी सार्वजनिक सोधपुछ र दैनिक जीवनयापन सूचना सम्बन्धि चाहिँ विदेशी सूचना केन्द्र १३४५ मा सोधपुछ गर्नुभएमा विस्तृत रूपमा जानकारी पाउन सक्नुहुन्छ।

* १३३९ कल सेन्टरमा सोधपुछ पछि, आवश्यकता भएमा तल दिइएको जस्तै दोभाषे सम्भव छ।

☐ १३३९ (१३४५ र १३३० सम्पर्क) विदेशी भाषा जानकारी तथा प्रकार

| फोन नं. | प्रयोग गर्ने समय | भाषा |
|---|---|---|
| (१३४५) न्याय मन्त्रालय विदेशी सूचना केन्द्र | २४ घण्टा | अङ्ग्रेजी, चाइनिज |
| | ०९:००–१८:०० | जापानिज, भियतनाम, थाइल्याण्ड, मले/इण्डोनेशिया, रसिया, मङ्गोल, बङ्लादेश, पाकिस्तान, नेपाल, कम्बोडिया, म्यानमार, फ्रान्स, जर्मन, फिलिपिन्स, अरब, श्रीलङ्का |
| (१३३०) कोरिया पर्यटन संगठन पर्यटक सूचना केन्द्र | २४ घण्टा | अङ्ग्रेजी, चाइनिज, जापानिज |
| | ०८:००–१९:०० | भियतनाम, थाइल्याण्ड, मले/इण्डोनेशिया, रसिया |
| (१५७७-१३६६) कोरिया स्वास्थ्य परिवार पदोन्नति एजेन्सी दानुरी कल सेन्टर १५७७–१३६६ | २४ घण्टा | अङ्ग्रेजी, चाइनिज, फिलिपिन्स (टागालोग), कम्बोडिया (कुमेर), रसिया, मङ्गोल, जापानिज, थाइल्याण्ड, लाओस, उजबेकिस्तान, नेपाल |

☐ यो अनुवाद दानुरी कल सेन्टर १५७७–१३६६ द्वारा गरिएको हो।